प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश

बुटवल, रुपन्देही

डिप्लोमा / प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फको लागि पुनः आवेदन फारम भरेका प्रशिक्षार्थीहरुको नतीजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः२०७८।०८।१७**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको मिति २०७८।०७।२९ गतेको सूचनानुसार शैक्षिक शत्र २०७८/०७९ को लागि डिप्लोमा / प्रमाण पत्र तहका पूर्ण शुल्कीय तर्फका (**प्रमाणपत्र तह सामान्य चिकित्सा, नर्सिङ्ग र डिप्लोमा इन फार्मेसी बाहेकका** ) लागि पुनः आवेदन फारम भर्ने सूचनानुसार परिषद लुम्बिनी प्रदेश अन्तर्गत संचालित आँगिक, साझेदारी, टेक्स तथा परिषदवाट सम्वन्धन स्विकृति लिएका निजी शिक्षण संस्थाहरुवाट डिप्लोमा / प्रमाण पत्र तहका विभिन्न कार्यक्रममा पूर्ण शुल्कीय कोटामा पुनः आवेदन फारम भरेका उम्मेदवारहरुको परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको **"डिप्लोमा प्रमाण पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (चौथो संशोधन)"** बमोजिम सम्बन्धित शिक्षण संस्थाहरुवाट तयार गरि गोप्य रुपमा प्राप्त हुन आएका नतिजालाई निर्देशिकाको दफा ६.१ र १८ क मा उल्लेख भए बमोजिम नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।नतिजा प्रकाशित भएको मितिले १५ दिन सम्म कार्यालय समय भित्र सम्बन्धित शिक्षण संस्थाहरु र सफल उम्मेदवारहरुले भर्ना गर्न गराउन हुन यसै सूचना मार्फत जानकारी गराईन्छ ।

सम्बन्धित शिक्षण संस्थाहरुले नतिजा तयारी गर्ने क्रममा कुनै त्रुटी देखिन आएमा सोको जिम्मेवार सम्बन्धित संस्था नै हुने भएकोले आवेदन फारम भर्दा उम्मेदवारले पेश गरेका सम्पूर्ण कागजातहरुको सक्कल प्रति पुनः रुजु गरी भर्ना गर्नहुन सूचित गरिन्छ । नतिजा परिषद् कार्यालयको वेभ साईट :www.ctevt.org.np र परिषद् लुम्बिनी प्रदेशको वेभ साईट : www.ctevtp5.org.np मा हेर्न हुन अनुरोध छ ।

**निर्देशक**